# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०२।१८ गते।

# प्रेस विज्ञप्ति

**विषय: <u>आरोपपत्र दायर गरिएको।</u>**

श्री राधाकृष्ण मन्दिर, सोनापुरको नाममा रहेको जिल्ला सुनसरी, साविक सोनापुर २क. को कि.नं. १३ को ०-१४-१ जग्गा मन्दिर व्यवस्थापन समितिले जग्गा खरिदकर्ता गोविन्दकुमार बजगाईलाई बिक्री गर्ने निर्णय गरेकोमा उक्त जग्गा रजिष्ट्रेशन पास गर्दा प्रतिकठ्ठा कम दरले पास गरी रजिष्ट्रेशन दस्तुर र पुँजीगत लाभकर छली गरेको, कोशी राजमार्गलाई जोड्ने शाखा बाटोले छोएको उक्त जग्गा वडा नं. ८ का वडा अध्यक्षले भित्री बाटोले छोएको भनी सरकारी मूल्याङ्कनभन्दा पनि कम मूल्याङ्कन हुने गरी सिफारिस दिई राजश्व छली गरेकोले राजश्व छली गर्न सहयोग गर्ने उपर छानबीन गरी कारबाही होस भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा राधाकृष्ण मन्दिर सोनापुरको नाममा रहेको कि.नं. १३ को ज.वि. ०-१४-१ जग्गा राधाकृष्ण मन्दिर व्यवस्थापन समितिको बैंठकको निर्णयानुसार मोहीलाई आधा भाग छुट्टयाई बाँकी जग्गा प्रतिकठ्ठा रु.७,७१,०००।-का दरले बिक्री गर्न अख्तियारी पाएका राधाकृष्ण मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष उज्याला मानन्धरले मिति २०७५।०३।१५ गते गोविन्द कुमार वजगाईलाई जग्गा बिक्रि गर्दा र सोही जग्गा मिति २०७५।०३।२० गते गोविन्द कुमार वजगाईबाट निजै उज्याला मानन्धरले खरिद गर्दा मालपोत कार्यालयका कर्मचारीहरु, जग्गा खरिद बिक्री कर्ता र वडा अध्यक्ष समेतको मिलेमतोमा राजश्व रकम कम असुल गरी गराई लिखत पारित गरेको देखिंदा उक्त कार्यमा संलग्न देहायका व्यक्तिहरुलाई देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदावी लिइएको छ ।

क) राधाकृष्ण मन्दिर सोनापुरको नाममा रहेको कि.नं. १३ को ज.वि. ०-१४-१ जग्गा राधाकृष्ण मन्दिर व्यवस्थापन समितिको बैंठकको निर्णयानुसार मोहीलाई आधा भाग छुट्टयाई बाँकी जग्गा प्रतिकठ्ठा रु.७,७१,०००।-का दरले बिक्री गर्न अख्तियारी पाएका राधाकृष्ण मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष उज्याला मानन्धरले गोविन्द कुमार वजगाईलाई जग्गा बिक्रि गर्दा लाग्ने पूँजिगत लाभकर रु.५,२१,२५५।- र सोही जग्गा गोविन्द कुमार वजगाईबाट निजै उज्याला मानन्धरले खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क रु.३,७७,१५०।-समेत जम्मा रु.८,९८,४०५।-कम राजश्व तिरेको र पछि उजुरी परेपछि मात्र सजायबाट बच्ने उद्देश्यले पछि पटक-पटक दाखिला गरेको देखिंदा निज उज्याला मानन्धरको हकमा बिगो रु.८,९८,४०५। कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा ऐ.को दफा ८ को उपदफा (४) बमोजिमको सजाय हुन मागदावी लिइएको छ ।

ख) जग्गा खरिद तथा विक्रीकर्ता गोविन्द कुमार वजगाईले राधाकृष्ण मन्दिरको कि.नं. १३ को जग्गा खरिद गर्दाका बखत नै रजिष्ट्रेशन दस्तुर रु.२,१५,९२०।-वुझाउनु पर्नेमा नवुझाई उजुरी परेपछि मात्र सजायबाट बच्ने उद्देश्यले वुझाएको र आफुले जग्गा बिक्री गर्दा वुझाउनुपर्ने पूँजिगत लाभकर रु.५,४१,६२८।- नवुझाई राजश्व हानिनोक्सानी गरेको हुँदा निज गोविन्द कुमार वजगाईको हकमा बिगो रु.७,५७,५४८।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा ऐ. को दफा ८ को उपदफा (४) बमोजिमको सजाय गरी बिगोसमेत असुल उपर गरी जफत हुन मागदावी लिइएको छ ।

ग) गलत सिफारिस गर्ने दुहबी न.पा वडा नं. ८ का वडा अध्यक्ष तारिकचन्द्र सरदारले राधाकृष्ण मन्दिरको नाममा रहेको कि.नं. १३ को जग्गालाई भित्री बाटोले छोएको भनी सिफारिस दिएतापनि मिति २०७५/०३/१९ गतेको सिफारिसमा बाटोले नछोएको भनि गलत सिफारिस दिएको हुँदा उक्त गलत सिफारिसको कारण रजिष्ट्रेसन दस्तुर रु. ३,७७,५५०।- र पुजिगत लाभकर रु. ५,४१,६२८।- नेपाल सरकारलाई हानिनोक्सानी पर्न गएको देखिंदा निज वडाध्यक्ष तारिकचन्द्र सरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र बिगो रु. ९,१९,१२८।- कायम गरी दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा ऐ. को दफा ९ र दफा ८ को उपदफा (३) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

घ) मालपोत कार्यालय सुनसरी ईनरुवाका प्रमुख मालपोत अधिकृत सूर्यबहादुर थापाले लिखत पास गर्दा स्थानीय निकायको घरबाटोको सिफारिस, जग्गाको तोकिएको न्यूनतम मूल्याङ्कन, संस्थाका नामको जग्गा पारित गर्दा व्यवस्थापन समितिको जग्गा बिक्रि गर्ने निर्णयजस्ता कुराहरु हेरी, जाँचीवुझी पारित गर्नुपर्नेमा सो नगरी मूल्याङ्कनकर्ता ना.सु.गोविन्दकुमार पौडेलले गलत मनसायका साथ मूल्याङ्कन गरी पेश गरेको लिखतलाई सदर गरेको र मन्दिर व्यवस्थापन समितिको निर्णय अनुसार प्रतिकठ्ठाको रु.७,७१,०००।-का दरले रु.१,०८,३२,५५०।-को नियमानुसार लाग्ने रजिष्ट्रेशन दस्तुर र पूँजीगत लाभकर समेतको राजश्व असुल गरी लिखत पास गर्नुपर्नेमा सो नगरी पटक-पटक मूल्यांकनमा थैली अंक थप गर्न लगाई ना.सु.गोविन्दकुमार पौडेललाई प्रोत्साहन एवं राजश्व चुहावट गरी भ्रष्टाचार गर्ने कार्यमा प्रत्यक्षरुपमा संलग्न रहेको देखिएको र मन्दिरको निर्णयानुसारकै प्रतिकठ्ठा रु.७,७१,०००।- का दरले रु.१,०८,३२,५५०।-कायम गरी पटक-पटक गरी थप रजिष्ट्रेशन शुल्क रु.२,१५,९२०।- र थप पूजिंगत लाभकर रु.५,३९,७००।-समेत जम्मा रु.७,५५,६२०।-राजश्व असुल गर्नुपर्ने बखत असुल नगरी उजुरी परे पश्चात मात्र सजायबाट बच्ने उदेश्यले पछि असुल गरेको देखिंदा वदनियत पूर्वक राजश्व चुहावट गरेको देखिन आएकोले निज प्रमुख मालपोत अधिकृत सूर्य बहादुर थापालाई जम्मा बिगो रु.७,५५,६२०।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को कसुरमा सोही दफा ७ मा उल्लेख भए बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कैद सजाय गरी ऐ. ऐनको दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना हुन समेत मागदावी लिइएको छ ।

ङ) मालपोत कार्यालय सुनसरी ईनरुवाका मालपोत अधिकृत मात्रिका दंगालले गोविन्दकुमार बजगाईको नामबाट उज्याला मानन्धरको नाममा लिखत पारित गर्ने कार्य मालपोत अधिकृत मात्रिका दंगालबाट भएको र ५ दिन अगाडी मात्र पारित गरेको लिखत अंकमा एकै आर्थिक बर्षमा एउटै जग्गाको लिखतमा अघि पारित गरेको मूल्य भन्दा कम मूल्य राखी पारित गर्न नहुने र रु.१,०८,३२,५५०।- नघटाई लिखत पारित गरी सोही अनुसारको राजश्व लिनु पर्नेमा वडाअध्यक्ष तारिकचन्द्र सरदार समेतको मिलेमतोमा गलत सिफारिसको आधारमा प्रतिकठ्ठा रु.१ लाखका दरले रु.१४,०५,०००।- कायम गरी रजिष्ट्रेशन दस्तुर रु.५६,२००।-दाखिला गराएको र सुरुमै लिनुपर्ने रजिष्ट्रेशन शुल्क रु.३,७७,१५०।- उजुरी परे पश्चात सजायबाट बच्ने उदेश्यले पटक-पटक गरी असुल गरेको र पुँजिगत लाभकर रु.५,४१,६२८।- हालसम्म असुल नगरी वडाअध्यक्ष तारिकचन्द्र सरदार र ना.सु.गोविन्दकुमार पौडेलसमेतको मिलेमतोमा जम्मा रु.९,१८,७७८।-राजश्व चुहावट गरी नोक्सानी पुर्याएको देखिंदा जम्मा बिगो रु.९,१८,७७८।-कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को कसुरमा सोही दफा ७ मा उल्लेख भए बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना हुन समेत मागदावी लिइएको छ ।

च) मालपोत कार्यालय सुनसरी ईनरुवाका ना.सु.गोविन्द कुमार पौडेलले राधाकृष्ण मन्दिरको नामबाट गोविन्दकुमार बजगाईको नाममा लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर रु.२,१५,९२०।-र लाभकर रु.५,३९,७००।-गरी

जम्मा रु.७,५५,६२०।- र मिति २०७५।०३।२० गते सोही जग्गा गोविन्दकुमार बजगाईको नामबाट उज्याला मानन्धरको नाममा लिखत पारित गर्दा लिनुपर्ने रजिष्ट्रेशन शुल्क रु.३,७७,१५०।-सुरुमै लिनु पर्नेमा नलिई उजुरी परेपछि मात्र सजायबाट बच्न असुल गरेको देखिएको र पूँजीगत लाभकर रु. ५,४१,६२८।- दाखिला गरेको नदेखिंदा राजश्व चुहावट गर्ने गलत मनसाय राखी जम्मा रकम रु. १६,७४,३९८।- राजश्व चुहावट गरी नेपाल सरकारलाई नोक्सानी पुर्याएको देखिंदा निजलाई हकमा बिगो रु. १६,७४,३९८/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को कसुरमा सोही दफा ७ मा उल्लेख भए बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना हुन समेत मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
प्रदीपकुमार कोइराला